# स्थिति सूचक

नेपाल मानव अधिकार वर्ष पुस्तकको
त्रैमासिक प्रकाशन

वर्ष १०, अङ्क १
(०७७ पुस १७ गतेदेखि ०७७ चैत १८ गतेसम्म)


## प्रदेश १ को

# मानव अधिकार अवस्था विश्लेषण

अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) प्रदेश १, कार्यालय विराटनगरले प्रदेशको मानव अधिकार अवस्थाको स्थितिका बारेमा जानकारी गराउने उद्देश्यले त्रैमासिक रूपमा स्थितिसूचक प्रकाशन गर्दै आएको छ । प्रदेशका १ का १४ ओटै जिल्लाका इन्सेक जिल्ला प्रतिनिधिहरूबाट सङ्कलन गरिएका घटनाहरूको आधारमा सन् २०२१ को जनवरी १ देखि मार्च ३१ सम्मका मानवअधिकार उल्लङ्घन र ज्यादतीका घटनाहरूको तथ्याङ्कसहित त्रैमासिक अवस्थाको विश्लेषण गरी यो स्थितिसूचक प्रकाशन गरिएको छ ।

कोभिड-१९ को त्रासदी र सङक्रमणको भयबाट केही मुक्त हुन खोजेको अवस्थामै प्रधानमन्त्रीले पुस ५ गते प्रतिनिधिसभा विघटन गरेपछि राजनीति अन्योलता आएको छ । यो त्रैमासिक अवधिमा कोभिड-१९ को सङक्रमण प्रदेश १ मा बढेग गएको तथ्याङ्कले देखाएको छ । मानिसको बाँच्न पाउने अधिकार भित्रै स्वास्थ्यको अधिकारका बिषयलाई उठान गरी छलफल, बहस, लवि र खबरदारी गरीरहेका हामी मानव अधिकारकर्मीहरूले फेरी स्वास्थ्य अधिकारको विषयसँगै मानव अधिकार उल्लङ्घनका अन्य विषयमा पनि आवाज बुलन्द गर्नुपर्ने अवस्था छ । किनकि प्रदेश १ मा तीन महिनाको यस अवधिमा १ सय ५१ ओटा मानव अधिकार उल्लङ्घनमा १ सय ८९ जना पीडित भएका छन । जसमा महिला अधिकारका घटनामा ८० जना र बाल अधिकारका घटनामा ५४ जना पीडित भएको तथ्याङ्क हामी सामु छ । यस तथ्याङ्कबाट अझै पनि राज्यले यस विषयलाई गम्भीरतापूर्वक आत्मसाथ गरी पिडकलाई कारबाही गर्ने र पीडितलाई न्याय तथा क्षतिपूर्ति दिने विषयमा ठोस र प्रभावकारी भूमिका निर्वाह गर्न आवश्यक छ ।

सन् २०२१ को जनवरीदेखि मार्चसम्म प्रदेश १ को मानव अधिकार अवस्थालाई हेर्ने हो भने आशावादी हुन सक्ने अवस्था देखिदैंन । सरकारले ०७५ फागुन २८ गते नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीलाई प्रतिबन्ध लगाएपछि नागरिक तथा राजनीतिक अधिकार प्रदेश १ मा खुम्चिएको अवस्था थियो । ०७७ माघ २० गते नेपाल सरकारले सो पार्टीको प्रतिबन्ध फुकुवा गरेपछि राजनीतिक आस्थाका भरमा राज्य पक्षबाट गिरफ्तारीका घटनामा कमी आएको पाइन्छ । तर, मोरङ मिक्लाजुङ

गाउँपालिका-१ वर्खेका ५४ वर्षीय शिक्षक राजेन्द्रकुमार श्रेष्ठको अपहरणपछि भएको गैरन्यायिक हत्याले स्वतन्त्रतापूर्वक बाँच्न पाउने अधिकारमाथि प्रश्न चिन्ह खडा भएको छ । सरकारद्वारा सो पार्टीका प्रतिबन्ध फुकुवा भएपनि पीडित पक्षले अहिलेसम्म न्याय नपाएको अवस्थाले गर्दा प्रदेशमा मानव अधिकारमा सुधार नआएको सङ्केत मिलेको छ । आफ्नै अनुयायीमाथि बलात्कार गरेको आरोपमा अदालतमा मुद्दा चलेका सिद्धबाबालाई सुनसरी जिल्ला अदालतले सफाइ दिएपछि मानव अधिकार र न्यायलय एकअर्काका परिपूरक हुन् वा होइन् भन्ने खुट्याउन असहज भएको छ । मानव अधिकार र सामाजिक न्यायका निम्ति क्रियाशील गैर नाफामुलक सामाजिक संस्था इन्सेकले नेपालको मानव अधिकार आन्दोलनसँगै मानव अधिकार रक्षाका लागि राज्यलाई सकारात्मक सहयोग गर्दै आएको छ ।

**सोमराज थापा**
प्रदेश संयोजक

## घटनाका प्रकार अनुसार पीडित सङ्ख्या
## (जनवरी–मार्च २०२१)

| | राज्यपक्षबाट | | | अन्यपक्षबाट | | | |
|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | कूल जम्मा |
| गिरफ्तार | २ | ३४ | ३६ | | | | ३६ |
| कुटपिट | | १ | १ | ३ | ३ | ६ | ७ |
| बाल अधिकार | | | | ५३ | १ | ५४ | ५४ |
| घाइते | | | | १ | १ | २ | २ |
| हत्या | | | | ९ | १ | १० | १० |
| यातना | | १ | १ | | | | १ |
| महिला अधिकार | | | | ७९ | | ७९ | ७९ |
| जम्मा | २ | ३६ | ३८ | १४५ | ६ | १५१ | १८९ |

# प्रदेश १ को मानव अधिकार अवस्था : तीन महिनाका प्रतिनिधिमूलक घटना

## (०७७ पुस १७ गतेदेखि ०७७ चैत १८ गतेसम्म)

### गिरफ्तारी

**मोरङ**

सङ्खुवासभा जिल्ला मादी नगरपालिका-४ स्थायी घर भई मोरङ जिल्ला बुढीगङ्गा गाउँपालिका-४ क्षेत्रमा नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीको मोरङ इन्चार्ज भई पार्टी गतिवधि सञ्चालन गरेको आरोपमा प्रहरीले ३२ वर्षीय डिवि सिलवाल भनिने धनबहादुर विकलाई ०७७ माघ ७ गते बुढीगङ्गा गाउँपालिका-४ बाट गिरफ्तार गऱ्यो। विकको संलग्नता मोरङ मिक्लाजुङ्ग गाउँपालिका-१ का ५४ वर्षीय शिक्षक राजेन्द्रकुमार श्रेष्ठ ०७७ मङ्सिर २३ गतेको हत्यामा देखिएको प्रहरीले जनायो। गिरफ्तारीमा परेका विकविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन ३ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश कपिलमणि गौतमको फागुन १० गतेको आदेशले विकलाई पुर्पक्षका लागि थुनामा पठायो। विकको स्वास्थ्य परीक्षण कोशी अस्पताल विराटनगरमा माघ ८ भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

सुनसरी जिल्ला देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जका ४० वर्षीय बौवानारायण मेहताले ०७७ चैत ५ गते प्रहरीले गिरफ्तार गरी चैत ७ गतेसम्म हिरासतमा राखि यातना दिएको चैत ७ गते पत्रकार सम्मेलन गरी आरोप लगाए। मामा माइजुबिचको झगडाका विषयमा सहजीकरणका लागि चैत ५ गते जिल्ला प्रहरी कार्यालय गएको अवस्थामा मुद्दा बढाउन पीडित र पीडकलाई प्रभाव पारेको आरोपमा प्रहरीले गिरफ्तार गरी हिरासतमा यातना दिएको पीडितले पत्रकार सम्मेलनमा बताए। प्रहरीले गिरफ्तार लगत्तै छुट्टै कोठामा राखी कुटपिट गरेको पीडितले बताए। मुक्का, लात्तीले हिर्काएको कारण आफूलाई टाउको दुख्ने र आवाज सुन्नमा समस्या भएको पीडितले बताए। चैत ७ गते स्थानीय क्लिनिकमा उपचार गराएको पीडितले बताए। जिल्ला प्रहरी कार्यालयका डिएसपी नरेन्द्रकुमार कार्कीले मुद्दा मिलाउन सहजीकरणमा आएका बेला बौवानारायणले पीडित र पीडकलाई प्रभाव पार्ने गरी बोलेपछि आफूले हप्काएको तर कुटपिट भने नगरेको बताए। पीडितले हालसम्म आरोपितविरूद्ध कहीँकतै उजुरी नगरेको बताए।

### प्रहरीले हत्याको आरोपमा मुद्दा दर्ता

**मोरङ**

मिक्लाजुङ गाउँपालिका - १ को सरस्वती आधारभूत विद्यालयका प्रधानाध्यापक ५४ वर्षीय शिक्षक राजेन्द्र श्रेष्ठको ०७७ मङ्सिर २३ गते अपहरणपछि घाँटी रेटेर हत्या गरिएको घटनाको अरोपमा लुम्बिनी, कपिलवस्तु शिवराज नगरपालिका-९ का ५३ वर्षीय नेत्रविक्रम चन्द विप्लव, कालिकोट जिल्ला नरहरीनाथ गाउँपालिका-६ का ५२ वर्षीय खड्गप्रसाद विश्वकर्मा 'प्रकाण्ड', रोल्पा जिल्ला थवाङ गाउँपालिका-१ का ५२ वर्षीय विशम भन्ने सन्तोष बुढामगर, जाजरकोट जिल्लाका ४२ वर्षीय दीपक चलाउने, सङ्खुवासभा जिल्ला मादी नगरपालिका-४ का ३५ वर्षीय धनबहादुर विक, मोरङ जिल्ला केराबारी गाउँपालिका- ६ का ४५ वर्षीय प्रताप भन्ने थमनसिंह राई, खोटाङ जिल्ला साकेला गाउँपालिका-१ का ४१ वर्षीय शैलेस भनिने चन्द्रबहादुर बुढाथोकी, झापा जिल्ला गौरीगञ्ज गाउँपालिका-१ का २६ वर्षीय सञ्जय राई, भोजपुर जिल्ला षडानन्द नगरपालिका-२ का ४६ वर्षीय विवश भन्ने पुष्पलाल चौलागाई, धनकुटा जिल्ला शहीदभूमी गाउँपालिका-१ का ३३ वर्षीय दर्शन भन्ने नविन राई, पाखिबास नगरपालिका-२ का २६ वर्षीय दर्शन थापा भन्ने विशाल मगर, काभ्रेपलाञ्चोक जिल्ला चौरीदेउराली गाउँपालिका-५ का ५४ वर्षीय आकाश भन्ने माधव गौतम, सङ्खुवासभा जिल्ला चैनपुर नगरपालिका-४ मैदानेका ३० वर्षीय उत्तरकुमार राई भन्ने युवराज राई, भोजपुर जिल्ला ट्याम्केमयुम गाउँपालिका-७ का ४१ वर्षीय भीम भन्ने कुमार राई, खोटाङ जिल्ला दिप्रुङचुइचुम्मा गाउँपालिका-७ का ४३ वर्षीय सञ्जीव मगर, सोलुखुम्ब जिल्ला महाकुलुङ गाउँपालिका- १ गाईखर्कका ३६ वर्षीय डवाङनुरु भन्ने पेम्बा शेर्पा, ओखलढुङ्गा जिल्ला लिखु गाउँपालिका-७ का ३१ वर्षीय अमृत सागर भन्ने योगेन्द्र बस्नेत,

गोरखा जिल्ला अजिरकोट गाउँपालिका-४ की ४२ वर्षीया शिलु भनिने उमा भुजेल, झापा जिल्ला दमक नगरपालिका-२ का ३० वर्षीय सुमनसिंह पौडेल, सोलुखुम्बु जिल्ला सोताङ गाउँपालिका-१ का ३५ वर्षीय बालकुमार राई भनिने राकेश राई, भोजपुर जिल्ला रामप्रसादराई गाउँपालिका-४ दलेगाउँका २५ वषीय चाम्स भन्ने मिलन राई, सङ्खुवासभा जिल्ला चैनपुर नगरपालिका-४ मैदानेका २२ वर्षीय नाती भनिने बासन राई, ताप्लेजुङ जिल्ला मिक्वाखोला गाउँपालिका-४ का २२ वर्षीय अखिल भनिने मनोज भुजेल, ताप्लेजुङ्ग जिल्ला मिक्वाखोला गाउँपालिका-१ का २३ वर्षीय लुङ्गा भनिने सुदम लुङखिम्बा ( लिम्बू) , भोजपुर जिल्ल पौवादुङ्मा गाउँपालिका-३ का २६ वर्षीय उमेश खत्री, ताप्लेजुङ जिल्ला मिक्वाखोला गाउँपालिका-५ का २९ वर्षीय संग्राम भनिने पूर्णबहादुर लिम्बू, धनकुटा जिल्ला धनकुटा नगरपालिका-१ का २४ वर्षीय आशिष भन्ने विक्रम राई, मोरङ जिल्ला मिक्लाजुङ गाउँपालिका-१ का २२ वर्षीय बिर्जुम भनिने श्रीमान राई, ताप्लेजुङ जिल्ला मिक्वाखोला गाउँपालिका-१ का २५ वर्षीय विशाल लिम्बू, ताप्लेजुङ जिल्ला फक्तालुङ गाउँपालिका-२ का २५ वर्षीय सङ्गम आङदम्बे, भोजपुर जिल्ला पौवादुङमा गाउँपालिका-४ की २४ वर्षीया अनुस्का राई, ताप्लेजुङ जिल्लाका २५ वर्षीय हेतु साउदेन, इलाम जिल्ला देउमाई नगरपालिका-७ का ३६ वर्षीय मौसम भनिने जितमान राई, ४५ वर्षीय अविनाश भनिने डम्बर मगर र मिक्लाजुङ गाउँपालिका-८ का ४५ वर्षीय महावीर भनिने जितेन्द्र महरालाई अपहरण र कर्तव्य ज्यान शीर्षकमा ०७७ फागुन ३ गते प्रहरीले जिल्ला अदालतमा मुद्दा दर्ता गऱ्यो । विप्लवको निर्देशनमा जितेन्द्र महरासहित ६ जनाले अपहरणपछि हत्या गरेको अभियोग पत्रमा दाबी गरिएको छ । आरोपितहरूमध्ये सङ्खुवासभा जिल्ला मादी नगरपालिका-४ का ३५ वर्षीय धनबहादुर विकलाई प्रहरीले ०७७ माघ ७ गते गिरफ्तार गरेको थियो । हालसम्म सो मुद्दामाथि कुनै कारबाही नभएको जिल्ला अदालतका श्रेस्तेदार राजकुमार दहालले बताए ।

## कुटपिट

### राज्यपक्षबाट

#### सङ्खुवासभा

सङ्खुवासभा जिल्ला मादी नगरपालिका-८ स्थायी घर भई धनकुटा जिल्ला छथर जोरपाटी गाउँपालिका-३ ताङखुवामा बस्दै आएका ४१ वर्षीय नेत्रबहादुर कडुवालले प्रहरीले विनाकारण ०७७ पुस २३ गते कुटपिट गरेको आरोप लगाए । पुस २३ गते आमा भेट्न सङ्खुवासभाको मादी गएको अवस्थामा प्रहरीले नियन्त्रणमा लिएर कुटपिट गरेको पीडित कडुवाल बताए। पुस २३ गते राति दुई जना बर्दी लगाएका र दुई जना बर्दी नलगाएका प्रहरीले नियन्त्रणमा लिएर कुटपिट गरेको विषयमा प्रहरीमा पुस २८ गते प्रहरीमा उजुरी दिन जाँदा उजुरी दर्ता नगरेको कडुवालले बताए। सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका-२ स्थायी घर भई मादी मङ्गलवारे चौकीमा सई पदमा कार्यरत ३५ वर्षीय नरेश आचार्य, विराटनगर महानगरपालिका-७ स्थायी घर भई मादी प्रहरी चौकीमा हवल्दार पदमा कार्यरत ४३ वर्षीय लेखनाथ रेग्मी, सप्तरी जिल्ला राजविराज नगरपालिका-७ स्थायी भई मादी प्रहरी चौकीमा जवान पदमा कार्यरत २४ वर्षीय दिनेश गुप्ता र सिरहा, लहान नगरपालिका-३ स्थायी घर भई मादी प्रहरी चौकीमा जवान पदका कार्यरत २६ वर्षीय अशोक ठाकुरले विना कारण नियन्त्रणमा लिएर कुटपिट गरेको बताउँदै पीडितले न्यायका लागि पहल गरी दिन इन्सेकलाई माघ २४ गते निवेदन दिए। इन्सेकको पहलमा पीडित पक्षले प्रहरीबाट माघ २६ गते विल अनुसारको उपचार खर्च पायो। पीडित पक्षले इन्सेक प्रतिनिधिसमक्ष प्रहरीसँग उपचार खर्च माग गरिदिन निवेदन दिएपछि इन्सेकको पहलमा पीडित पक्ष, प्रहरी र सरोकारवालाबिच भएको छलफल पश्चात प्रहरीले विल अनुसारको रकम पीडितलाई उपलब्ध गरायो। कुटपिटको विषयमा पीडित पक्षलाई न्याय दिलाउन पहल गर्दै इन्सेकले सो विषयमा पुस २८ गते "वास्तविकता नबुझी प्रहरीले कुटपिट गरेको पीडित पक्षको आरोप" शीर्षकमा इन्सेक अनलाइनमा समाचार प्रकाशन गरी प्रहरीको ध्यानाकर्षण गराएको थियो। पीडितको स्वास्थ्य परीक्षणका क्रममा धनकुटा अस्पतालमा लागेको १८ हजार ५ सय ८० रुपियाँ र सङ्खुवासभाबाट धनकुटा आउँदाको एम्बुलेन्स भाडा १४ हजार ५ सय रुपियाँ धनकुटा प्रहरीले पीडित पक्षलाई उपलब्ध गराएको जिल्ला प्रहरी कार्यालयका एसपी गोविन्द अधिकारीले बताए। प्रहरीको कुटपिटबाट यौन अङ्ग सुनिएको, टाउको, छाती, तिघ्रामा चोट लागेका कडुवाललाई जिल्ला अस्पताल धनकुटामा पुस २४ गतेदेखि माघ ६ गतेसम्म उपचार गरिएको अस्पतालका प्रमुख पुजन विश्वकर्माले बताए इन्सेकको

पहलमा पीडित पक्षले उपचार खर्च पाएपछि आफूले न्याय पाएको पीडितले बताए। पीडित पक्षले आरोपितविरूद्ध कहीकतै उजुरी गरेन।

## अन्यपक्षबाट

**मोरङ**

उर्लाबारी नगरपालिका- ६ स्थित राधिका माध्यमिक विद्यालयका प्रधानाध्यापक ४९ वर्षीय कुमार पोखरेललाई ०७७ पुस २७ गते विद्यालय हाताभित्र बोतल, रड र ढुङ्गाले टाउकोमा प्रहार गरी घाइते बनाएको भन्दै उर्लाबारी नगरपालिका-१ का २० वर्षीय निश्चल गुरुङ, सुनसरी, जिल्ला इटहरी उपमहानगरपालिका- १ का २० वर्षीय मोहित राई र उर्लाबारी नगरपालिका-५ का १९ वर्षीय रविन राईविरूद्ध पीडित पक्षले पुस २७ गते इलाका प्रहरी कार्यालय उर्लावारीमा उजुरी दियो। सोही विद्यालयमा कक्षा १२ मा अध्ययनरत निश्चलले चुरोट खाएको विषयमा सम्झाउँदा आक्रमण गरेको पीडित शिक्षकले बताए। आरोपितमध्ये निश्चल गुरुङलाई प्रहरीले पुस २७ गते घरबाटै गिरफ्तार गर्‍यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ २२ गते ज्यान मार्ने उद्योग शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश किशोर घिमिरेको माघ २५ गतेको आदेशले आरोपित निश्चललाई पुर्पक्षका लागि थुनामा पठायो भने मोहित र रविन फरार रहेको र हालसम्म गिरफ्तार नभएको प्रहरीले जनायो। पीडित शिक्षकको उपचार पुस २७ गते नोवेल अस्पताल विराटनगरमा भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

जहदा गाउँपालिका-५ स्थित प्रहरी चौकी मझारेमा कार्यरत असई ३१ वर्षीय रामकुमार माझीलाई ०७७ माघ २४ गते कार्यस्थलमा हातपात गरेको आरोपमा प्रहरीले सोही गाउँपालिका-७ का २१ वर्षीय बब्लु शाहलाई गिरफ्तार गर्‍यो। जहदा गाउँपालिका-५ लक्ष्मीनियामा डिजलको तस्करी रोक्न खटिएको अवस्थामा आक्रमण हुँदा माझीको दुवै आँखामा चोट लागेको र नाकको हाड भाँचिएको थियो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २१ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरी कारबाही अघि बढायो। जिल्ला अदालतका न्यायाधीश दुर्गा खड्काको चैत ३१ गतेको आदेशमा आरोपित १ लाख रुपियाँ धरौटीमा रिहा भए। पीडितको उपचार माघ २४ गते विराट नर्सिङ होममा भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**बालबालिकाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२१ को जनरीदेखि मार्चसम्म)**

| | |
|---|---|
| बेचबिखन तथा ओसारपसार | २ |
| बलात्कार | ३४ |
| यौन दुर्व्यवहार | १६ |
| विद्यालयमा दिइने शारीरिक दण्ड सजाय | १ |
| बालविवाह | १ |
| जम्मा | ५४ |

## बाल अधिकार

### बलात्कार, यौन दुर्व्यवहार

**ओखलढुङ्गा**

१४ वर्षीया बालिकालाई ०७७ फागुन १२ गते यौन दुर्व्यवहार गरेको आरोपमा मोलुङ गाउँपालिका-७ का ४० वर्षीय प्रेमबहादुर तामाङविरूद्ध पीडित पक्षले फागुन १४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन १२ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण फागुन १४ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत ८ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको चैत ९ गतेको आदेशले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा साधारण तारेखमा रिहा गर्ने आदेश दियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**खोटाङ**

१४ वर्षीया बालिकालाई ०७७ माघ १४ गते यौन दुर्व्यवहार गरेको आरोपमा दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-२ अल्छेढुङ्गाका १९ वर्षीय मनिस खत्रीविरूद्ध पीडित पक्षले माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १५ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतलामा माघ १५ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ २८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश निमित्त पाएका श्रेस्तेदार रामाकान्त यादवको माघ २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। न्यायाधीश मात्रिकाप्रसाद आचार्यको फागुन १४ गतेको आदेशले आरोपितलाई ५० हजार रुपियाँ धरौटीमा तारिखमा रिहा गर्ने आदेश दियो। आरोपित धरौटी रकम बुझाएर रिहा भए । हाल मुद्दा कानुनी प्रक्रियामा छ।

११ वर्षीया बालिकालाई ०७७ फागुन ६ गते हाडनाता करणी गरेको आरोपमा रावावेशी गाउँपालिकाका १७ वर्षीय बालकविरूद्ध पीडित पक्षले फागुन ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ७ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ७ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश मात्रिकाप्रसाद आचार्यको फागुन २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि बालसुधार गृह भक्तपुर पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**धनकुटा**

१३ वर्षीया बालिकालाई ०७७ पुस २१ गते यौन दुर्व्यबहार गरेको आरोपमा साँगुरीगढी गाउँपालिका-६ का ३५ वर्षीय खड्गबहादुर तामाङ विरुद्ध पीडित पक्षले पुस २२ गते प्रहरी कार्यालय धनकुटामा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २३ गते घरैबाट गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २२ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा पुस २६ यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको माघ २२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१५ वर्षीया बालिकालाई ०७७ फागुन २ गते बलात्कार गरेको आरोपमा चौविसे गाउँपालिका-५ सदामटारका २१ वर्षीय ताराकुमार सार्कीविरुद्ध पीडित पक्षले फागुन ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ३ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ३ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १२ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश फणिन्द्रप्रसाद पराजुलीको चैत १९ गतेको आदेशले आरोपितलाई अभियोग दाबी नपुग्ने भन्दै सफाइको फैसला सुनायो।

**तेह्रथुम**

१३ वर्षीया बालिकालाई ०७७ चैत १० गते यौन दुर्व्यवहार गरेको आरोपमा धनकुटा जिल्ला महालक्ष्मी नगरपालिका घर भई हाल लालीगुराँस नगरपालिका–१ बसन्तपुर बस्ने ३२ वर्षीय श्याम गुरुङविरूद्ध पीडित पक्षले चैत ११ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत ११ गते भयो। आरोपितलाई प्रहरीले चैत ११ गते वसन्तपुरबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत १२ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलेको चैत ३१ गतेको आदेशले आरोपितलाई ६५ हजार रुपियाँ धरौटीमा तारेखमा रिहा गर्ने आदेश दियो। आरोपित तोकिएको धरौटी रकम बुझाई रिहा भए । हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**पाँचथर**

१६ वर्षीया बालिकालाई ०७७ पुस १७ गते बलात्कार गरेको आरोपमा याङवरक गाउँपालिका -३ का १९ वर्षीय मनकुमार तामाङविरूद्ध पीडित पक्षले पुस २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस १७ गते भयो। आरोपितलाई प्रहरीले चैत १२ गते घरबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत २० गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायधीश योगेन्द्रप्रसाद शाहको चैत २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## इलाम

८ वर्षीया बालिकालाई ०७७ माघ ६ गते बलात्कार गरेको आरोपमा देउमाई नगरपालिका-९ का ५३ वर्षीय दशरथ नेम्वाङविरूद्ध पीडित पक्षले माघ ७ गते जिल्ला प्रहरी कार्यालयका उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ११ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ ७ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ १२ गते जवरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङ्गनामको फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## झापा

१४ वर्षीया बालिकालाई ०७७ माघ ३ गते यौन दुर्व्यवहार गरेको आरोपमा मेचीनगर नगरपालिका-७ का २५ वर्षीय सुजन राजवंशीविरूद्ध पीडित पक्षले माघ ४ गते इलाका प्रहरी कार्यालय काँकरभिट्टामा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ ५ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ ४ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २६ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश दिलकुमार वर्देवाको फागुन २७ गतेको आदेशले आरोपितलाई ३० हजार रुपियाँ धरौटीमा तारेखामा रिहा गऱ्यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१२ वर्षीया बालिकालाई ०७७ फागुन ९ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका-२ का १८ वर्षीय अदीप राईविरूद्ध पीडित पक्षले फागुन ९ गते इलाका प्रहरी कार्यालय काँकरभिट्टामा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ९ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत १ गते जबरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश नारदप्रसाद पराजुलीको चैत २ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। पीडितको स्वास्थ्य परीक्षण फागुन ९ गते मेची अस्पताल भद्रपुर झापामा भयो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## मोरङ

१३ वर्षीया बालिकालाई ०७७ पुस १९ गते यौन दुर्व्यवहार गरेको आरोपमा बेलवारी नगरपालिका-२ का ४० वर्षीय लेखनाथ रिजालविरूद्ध पीडित पक्षले पुस २० गते इलाका प्रहरी कार्यालय वेलवारीमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २० गते घरबाट गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा पुस २० गते भयो।आरोपित विरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ ८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश दुर्गा खड्काको माघ १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०७७ माघ २२ गते नशालु पदार्थ खुवाएर बलात्कार गरेको आरोपमा कानेपोखरी गाउँपालिका-२ का २९ वर्षीय प्रेम चौधरीविरूद्ध पीडित पक्षले माघ २३ गते इलाका प्रहरी कार्यालय पथरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २५ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा मघ २४ गते भयो। आरोपित विरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १८ गते यौन दुर्व्यवहार शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश शिशिर ढकालको फागुन २३ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१७ वर्षीया बालिकालाई ०७७ माघ २८ गते यौन दुर्व्यवहार गरेको आरोपमा विराटनगर महानगरपालिका-२ का ६० वर्षीय ज्ञानु प्रधानविरूद्ध पीडित पक्षले माघ २८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २८ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडित बालिकाको स्वास्थ्य परीक्षण कोशी अस्पतालमा माघ २९ गते भयो। आरोपित विरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २५ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश किशोर घिमिरेको फागुन २८ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## सुनसरी

१५ वर्षीया बालिकालाई ०७७ पुस १७ गते बालात्कार गरेको आरोपमा इटहरी उपमहानगरपालिका-१ का २१ वर्षीय प्रतीक राईविरूद्ध पीडित पक्षले पुस २० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २० गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण

पुस २० गते जिल्ला अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ १२ बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो । जिल्ला अदालतका न्यायाधीश रामचन्द्र खड्काको माघ १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०७७ फागुन २१ गतेदेखि चैत ९ गतेसम्म बलात्कार गरेको आरोपमा इहटरी उपमहानगरपालिका-४ का ४४ वर्षीय प्रेमबहादुर निरौलाविरूद्ध पीडित पक्षले चैत १० गते इलाका प्रहरी कार्यालय इटहरीमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत १० गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत १० गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत ३१ गते  बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो । जिल्ला अदालतका न्यायाधीश प्रकाश श्रेष्ठको चैत ३१ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

१६ वर्षीया बालिकालाई ०७७ चैत ३ गते बलात्कार गरेको आरोपमा धरान उमपहानगरपालिका-९ बगैचा चोकका ६० वर्षीय मेघराज सञ्जेलविरूद्ध पीडित पक्षले चैत ५ गते इलाका प्रहरी कार्यालय धरानमा उजुरी दियो। आरोपितलाई प्रहरीले चैत ५ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपामा चैत ५ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत ३०  बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको चैत ३० गतेको आदेशले आरोपितलाई पुर्पक्षका थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

३ वर्षीया बालिकालाई ०७७ चैत ७ गते बलात्कार गरेको आरोपमा १५ र १६ वर्षीय बालकहरू विरुद्ध पीडित पक्षले चैत ७ गते इलाका प्रहरी कार्यालय धरानमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले चैत ७ गते घरबाटै गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण वीपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान घोपामा चैत ७ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत २७ बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको चैत २७ गतेको आदेशले आरोपितहरूलाई पुर्पक्षका लागि बाल सुधार गृहमा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## बाल विवाह

### उदयपुर

रौतामाई गाउँपालिका-७ धाङ्लेकी १५ वर्षीया बालिका रोजिना मगरलाई ०७७ पुस १८ गते बालविवाह गरेको आरोपमा सोही ठाउँका १९ वर्षीय रामबहादुर श्रेष्ठविरुद्ध बालिका परिवारले पुस १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १९ गते घरबाट गिरफ्तार गर्‍यो। आरोपितले विभिन्न प्रलोभनमा पारी बालिकालाई विवाह गरेको परिवारको आरोप छ। पीडित बालिकाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस १९ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ १४ गते बालविवाह शीर्षकमा मुद्दा दर्ता गर्‍यो। जिल्ला अदालतका न्यायाधीश दीपक खनालको माघ १५ गतेको इजलासले आरोपितलाई २५ हजार रुपियाँ धरौटीमा रिहा गर्ने आदेश दियो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## महिलाविरुद्ध हुने सबै प्रकारको भेदभाव, दुर्व्यवहार बलात्कार, बलात्कार प्रयास, यौन दुर्व्यवहार

### सङ्खुवासभा

बौद्धिक अपाङ्गता भएकी २६ वर्षीया महिलालाई ०७७ पुस २५ गते बलात्कार गरेको आरोपमा मादी नगरपालिका-४ का २८ वर्षीय गोकुल भुजेलविरूद्ध पीडित पक्षले पुस २७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २८ गते मानदी नगरपालिका-४ बाट गिरफ्तार गर्‍यो। पीडितको स्वास्थ्य परीक्षण प्राथमिक स्वास्थ्य केन्द्र चैनपुरमा माघ १ गते भयो । आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा पुस २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गर्‍यो । जिल्ला अदालतका न्यायाधीश शान्तिप्रसाद आचार्यको चैत १ गतेको अन्तिम फैसलाले आरोपितलाई दोषी ठहर गर्दै ७ वर्ष कैद सजाय र मुलुकी अपराध संहिता २१९ (३) क बमोजिम पीडितले पाउने गरी कसुरदारबाट क्षतिपूर्तिवापत २ लाख रुपियाँ असुल गर्ने आदेश दिएको अदालतका श्रेस्तेदार राउतले बताए।

### ओखलढुङ्गा

२९ वर्षीया महिलालाई ०७७ फागुन १९ गते बलात्कार गरेको आरोपमा चम्पादेवी गाउँपालिका-४ का ५० वर्षीय

कृष्णबहादुर खत्रीविरूद्ध पीडित पक्षले फागुन २४ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन २४ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण फागुन २४ गते जिल्ला अस्पतालमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश दलबहादुर केसीको चैत २० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**खोटाङ**

२१ वर्षीया युवतीलाई ०७७ पुस २० गते बलात्कार गरेको आरोपमा खोटेहाङ गाउँपालिका-३ सावाकटरेका ६० वर्षीय मानबहादुर मगरविरूद्ध पीडित पक्षले पुस २४ गते इलाका प्रहरी कार्यालय खोटाङ बजारमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २४ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस २५ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा पुस २९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश मात्रिकाप्रसाद आचार्यको माघ १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२० वर्षीया युवतीलाई ०७७ फागुन १ गते हाडनाता करणी गरेको आरोपमा २३ वर्षीय युवाविरूद्ध पीडित पक्षले फागुन ५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ७ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ५ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत १२ गते हाडनाता करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश मात्रिकाप्रसाद आचार्यको चैत १२ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**भोजपुर**

७७ वर्षीया वृद्धालाई ०७७ पुस १८ गते बलात्कार गरेको आरोपमा हतुवागढी गाउँपालिका-५ होम्ताङका ४५ वर्षीय जयकुमार राईविरूद्ध पीडित पक्षले पुस १८ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १९ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस १९ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा पुस १९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश गेहेन्द्रराज पन्तको माघ १० गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो।

**महिलाविरुद्ध भएका हिंसाबाट पीडित सङ्ख्या (सन् २०२१ को जनरीदेखि मार्चसम्म)**

| | |
|---|---|
| बलात्कार | २८ |
| बलात्कार प्रयास | १३ |
| यौन दुर्व्यवहार | १ |
| बेचबिखन तथा ओसारपसार प्रयास | २ |
| घरेलु हिंसा | २५ |
| बेचबिखन तथा ओसारपसार | १ |
| बहुविवाह | ९ |
| जम्मा | ७९ |

हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२२ वर्षीया युवतीलाई ०७७ फागुन ८ गते बलात्कार गरेको आरोपमा भोजपुर नगरपालिका-६ का ४७ वर्षीय धनबहादुर विकविरूद्ध पीडित पक्षले फागुन १० गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले फागुन ११ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा फागुन ११ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २१ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश गेहेन्द्रराज पन्तको फागुन २५ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**झापा**

२७ वर्षीया महिलालाई ०७७ माघ ११ गते बलात्कार गरेको आरोपमा मेचीनगर नगरपालिका-१ का २९ वर्षीय सुमन घिमिरेविरूद्ध पीडित पक्षले माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १५ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण माघ १५ गते मेची अञ्चल अस्पताल भद्रपुरमा भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन ६ गते जवरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश टीकाराम आचार्यको फागुन ९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

२२ वर्षीया युवतीलाई ०७७ माघ १ गते होटलमा बलात्कार प्रयास गरेको भन्दै मेचीनगर नगरपालिका-६ का २३ वर्षीय आभाष बोगटी र सोही ठाँउका २५ वर्षीय सुभम नेम्वाडविरूद्ध पीडित पक्षले माघ २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। पीडितको स्वास्थ्य परीक्षण मेची अञ्चल अस्पताल भद्रपुरमा माघ २ गते भयो। आरोपित मध्ये आभाष बोगटीलाई प्रहरीले माघ २ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन २६ गते जवरजस्ती करणी शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश इन्दिरा शर्माको फागुन २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो भने अर्का आरोपित सुभम नेम्वाङ फरार रहेकोले खोजी कार्य भइरहेको प्रहरीले बतायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**सुनसरी**

४२ वर्षीया महिलालाई ०७७ फागुन २९ गते बलात्कार गरेको आरोपमा बराहक्षेत्र नगरपालिका-६ महेन्द्रनगरका २९ वर्षीय विजयकुमार राउत र २२ वर्षीय आशिषकुमार चौधरीविरूद्ध पीडित पक्षले चैत ३ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितहरूलाई प्रहरीले चैत ३ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा चैत ३ गते भयो।आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा चैत २७ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश टिकेन्द्र दाहालको चैत २७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**उदयपुर**

२४ वर्षीया युवतीलाई ०७७ पुस १७ गते बलात्कार गरेको भन्दै त्रियुगा नगरपालिका-७ मोतीगढाका २८ वर्षीय दीपेश राईविरूद्ध पीडित पक्षले पुस १७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस १७ गते घरबाटै गिरफ्तार गऱ्यो। पीडितको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा पुस १७ गते भयो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ ११ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश दीपक खनालको चैत २३ गतेको आदेशले कसुर गरेको ठहर गर्दै ७ वर्ष कैद सजायको फैसला र पीडितले पाउने गरी कसुरदारबाट १५ हजार रुपियाँ क्षतिपूर्ति भराउने फैसला सुनायो।

५२ वर्षीया महिलालाई ०७७ माघ १४ गते बलात्कार गरेको आरोपमा त्रियुगा नगरपालिका ११ शिवालयटोलका २५ वर्षीय टिकशेर राईविरुद्ध पीडित पक्षले माघ १५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ १५ गते घरबाट गिरफ्तार गऱ्यो। पीडित महिलाको स्वास्थ्य परीक्षण जिल्ला अस्पतालमा माघ १५ गते भयो।आरोपितविरुद्ध प्रहरीले जिल्ला अदालतमा फागुन ९ गते बलात्कार शीर्षकमा मुद्दा दर्ता गऱ्यो। जिल्ला अदालतका न्यायाधीश माधवप्रसाद सुवेदीको फागुन १० गतेको इजलासले आरोपितलार्य पुर्पक्षका लागि थुनामा पठायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## परिवारजनबाट हत्या

**तेह्रथुम**

लालीगुराँस नगरपालिका-३ मुसाङखेलकी ४७ वर्षीया मइतरानी लिम्बूको घरायसी विवादका क्रममा ०७७ माघ २५ गते वञ्चरो प्रहार गरी हत्या गरेको भन्दै ४३ वर्षीय पति नरबहादुर लिम्बुविरूद्ध पीडित पक्षले माघ २५ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले माघ २५ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा माघ २६ गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गरी गऱ्यो । जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलेको फागुन १९ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा माघ २५ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी धार्मिक विधि अनुसार सद्गत गरेको प्रहरीले बतायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

छथर गाउँपालिका-१ आङदिमकी ६० वर्षीया छिरिङ डोमा लामा शेर्पालाई घरायसी विवादका क्रममा ०७७ फागुन ५ गते खुकुरी प्रहार गरी हत्या गरेको भन्दै ५२ वर्षीय पति तेन्जे शेर्पाविरूद्ध पीडित पक्षले फागुन ६ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। घटना लगतै फरार भएका आरोपितलाई प्रहरीले फागुन ९ गते झापा जिल्ला मेची नगरपालिका भानुटोलस्थित एक होटलबाट गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा फागुन १० गते कर्तव्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश महेन्द्रप्रसाद पोखरेलको फागुन २६ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम जिल्ला अस्पतालमा फागुन ६ गते भयो। सोही दिन पीडित पक्षले शव बुझी धार्मिक विधिअनुसार सद्गत गरेको प्रहरीले बतायो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

**इलाम**

देउमाई नगरपालिका- ८ की २७ वर्षीया नम्रता राईको ०७७ पुस २१ गते घरायसी विवादका क्रममा खुकुरी प्रहार गरी हत्या गरेको भन्दै ३३ वर्षीय पति सुवास राईविरूद्ध पीडित पक्षले पुस २१ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दियो। आरोपितलाई प्रहरीले पुस २१ गते घरबाटै गिरफ्तार गऱ्यो। आरोपितविरूद्ध प्रहरीले जिल्ला अदालतमा पुस २२ गते कतर्व्य ज्यान शीर्षकमा मुद्दा दर्ता गऱ्यो । जिल्ला अदालतका न्यायाधीश हरिशचन्द्र इङ्गनामको माघ १७ गतेको आदेशले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठायो। शवको पोष्टमार्टम पुस २१ गते जिल्ला अस्पतालमा गरी सोही दिन पीडित पक्षलाई जिम्मा दिएको डिएसपी लालध्वज सुवेदीले बताए । पीडित परिवारले सोही दिन शवको सद्गत गऱ्यो। हाल मुद्दा कानुनी प्रक्रियामा छ।

## आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

## भौतिक संरचनामा क्षति

**मोरङ**

विराटनगर महानगरपालिका-३ मा रहेको श्रम तथा रोजगार कार्यालयमा ०७७ माघ ६ गते तोडफोड गरेको आरोपमा प्रहरीले विराटनगर महानगरपालिका-१३ का ६६ वर्षीय जोगीलाल यादव र विराटनगर महानगरपालिका-१६ का ४७ वर्षीय अर्जुनप्रसाद यादवलाई माघ ६ गते गिरफ्तार गऱ्यो। ट्रेड युनियन दर्ता तथा नवीकरण प्रक्रियाका विषयमा भएको विवादलाई लिएर आरोपितहरूले माघ ६ गते कार्यालयमा तोडफोड गरेका थिए। हालसम्म आरोपित फरार रहेको प्रहरीले जनायो।

मानव अधिकार र सामाजिक न्यायका निम्ति

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

**प्रदेश १ द्वारा प्रकाशित**

**सल्लाहकार** : सोमराज थापा, **संयोजन/सम्पादन** : पुन्यप्रसाद अधिकारी, **व्यवस्थापक** : भुवन राजवंशी

बिराटनगर महानगरपालिका-११ जनपथटोल, मोरङ, फोन : ०२१-४७१०२५, ४७११२७, फ्याक्स : ०२१-४७१५२१

**Email:** biratnagar@insec.org.np, **Website:** www.inseconline.org